नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा

☎ ०३३ -५२०१२१
Email : daosiraha@gmail.com

प.सं. :- ०८१/०८२
च.नं.

मिति: २०८१।१०।१०

**बिषय: विज्ञप्ती ।**

कारागार कार्यालय, सिरहाको विषयमा कान्तिपुर टेलिभिजनमा प्रशारित कान्तिपुर TV HD नामक युट्युब च्यानलको लिंक https:/youtu.be/8fSeyoLMfbI?si=Hdpy10V6kMpBskI&t=804 समेतमा प्रकाशन भएका समाचार र भिडियो प्रशारण भएको सम्बन्धमा सत्य तथ्य छानविन गरी प्रतिवेदन पेश गर्न जिल्ला सुरक्षा समिति, सिरहाको मिति २०८१/०७/२४ को निर्णयबाट गठित ५ सदस्यीय छानविन समितिले आफुलाई तोकिएको कार्यक्षेत्र भित्र रही आवश्यक अध्ययन गरी पेश गरेको सुझाव सहितको छानविन प्रतिवेदन जिल्ला सुरक्षा समितिको सिरहाको मिति २०८१/१०/१० को बैठकमा पेश भयो। प्रतिवेदनका सम्बन्धमा समितिको निर्णयानुसार देहाय बमोजिम सम्प्रेषण गरिएको छ।

**देहायः**

१. प्रतिवेदन कारागारको सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गरी पूर्ण प्रतिवेदन सार्वजनिक गर्ने/नगर्ने विषयमा कारागार व्यवस्थापन विभागको निर्देशन बमोजिम हुने गरी हाललाई उक्त प्रतिवेदन जानकारी, कार्यान्वयन, अध्ययन र निर्देशन गर्ने प्रयोजनका लागि कारागार व्यवस्थापन विभागमा पठाउने।

२. छानविन समितिले आफुलाई तोकिएको जिम्मेवारी पुरा गरेकोमा छानविन समितिका संयोजक लगायतका सबै पदाधिकारिहरुलाई विशेष ध्यवाद दिने।

३. प्रतिवेदनले औल्याएका केही महत्वपूर्ण कुराहरु मध्ये कारागार भित्र रहेका केही कैदी बन्दीहरुलाई निजहरुको चाल चलनका आधारमा आन्तरिक प्रशासनको जिम्मेवारी दिन नहुने गरी सुझाव दिएकोमा त्यस्तो जिम्मेवारी नदिने गरी व्यवस्थापन गर्न कारागार कार्यालय सिरहालाई निर्देशन गरिएको।

४. विगतमा आन्तरिक प्रशासनको जिम्मेवारिमा रहेका प्रतिवेदनमा उल्लेखित केही व्यक्तिहरु इमान्दार नरहेको भनी प्रतिवेदनले औल्याएको हुँदा आगामी दिनमा उनीहरुलाई आन्तरिक प्रशासनको जिम्मेवारी नदिने गरी व्यवस्थापन गर्न कारागार कार्यालय सिरहालाई निर्देशन गरिएको।

५. कारागार भित्र कारागार प्रशासनले अनुमति नदिएका चिज वस्तुहरु समेत कारागार कार्यालयको जिम्मेवारीमा रहेका व्यक्ति तथा निकायको कमजोरी विना पनि चेक जाँचको प्रभावकारी व्यवस्था नभएको, अनुगमन र परिक्षण गर्ने प्रविधि नभएबाट कारागार भित्र प्रवेश गर्ने संभावना देखिएको भनी प्रतिवेदनमा उल्लेख भएकाले चेक जाँचलाई कडाई गर्न कारागार प्रशासन र कारागार सुरक्षा युनिटलाई निर्देशन गरिएको।

६. कारागारको भौतिक संरचना जीर्ण भएको/क्षमता भन्दा बढी कैदी बन्दी थुनामा राख्नु पर्दा विविध समस्या भएको। दरबन्दी संरचना अनुसारका कर्मचारीको पदपुर्ती नभएको। आन्तरिक प्रशासनका विभिन्न पदमा समयमानै जिम्मेवारी नतोकिएको लगायतका विषयहरु प्रतिवेदनले औल्याएका हुँदा स्थानीय स्तरबाट समाधान हुन सक्ने विषयहरु समाधान गर्दै जाने र केन्द्रबाट समाधान हुनु पर्ने विषयमा केन्द्र सँग समन्वय र पहल गर्ने।

७. कारागार (बन्दी गृह) भित्र कानून विपरितका अवान्छित गतिविधि हुन नदिन समय समयमा प्रमुख जिल्ला अधिकारी समेत जिल्ला सुरक्षा समितिका पदाधिकारिहरुबाट अनुगमन गर्ने गरिएको।

चेतराज बराल
सहायक प्रमुख जिल्ला अधिकारी